# सौर्य दैनिक पत्रिकामा मिति २०८०/०७/२१गतेमा प्रकाशित सूचना

पूर्ण र एक सय सात घरमा आंशिक क्षति पुगेको छ।

**मधेश प्रदेश सरकार**
**भुमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**वीरगंज, पर्सा**
**मधेश, प्रदेश, नेपाल**

## साझेदारी कार्यक्रम संचालन सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८० /०७/२१**

यस विज्ञ केन्द्रको आ.व.०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रम संचालनका लागि मधेश प्रदेशको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६(पहिलो संशोधन२०७७) तथा सम्वन्धीत कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधी अनुरुप देहाय बमोजिमका कार्यक्रमहरु ५० प्रतिशतको लागत साझेदारीमा संचालन गर्न कार्यक्रम अनुसारको इच्छुक साझेदार कृषकहरुले तपसिलका कागजात सहित २५ औं दिन मिति २०८०।०८।१५ गते सम्म कार्यालय समय भित्र सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ। रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सुचनावाट जानकारी गराईन्छ। सुचना बमोजिमको अवधी नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धी प्रस्ताव दाता लाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीको लागि कार्यालयको फोन नं.०५१५२३५५१ मा सम्पर्क गर्न सकिनेछ।

**कार्यक्रमको विवरण**

| सि. नं | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम रु | साझेदार अनुदानग्रही |
|---|---|---|---|---|---|
| क) | दुध उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | ८ | २.५लाख | व्यवसायीक गाई भैंसी पालन फार्म |
| ख) | **मासु उत्पादन प्रवर्द्धन कार्यक्रम** | | | | |
| १. | व्यवसायीक पाडा/बाखा पालन | संख्या | | २ लाख | व्यवसायीक पाडा/बाखा पालन फार्म |
| २. | वंगुर पालन | संख्या | | २ लाख | व्यवसायीक वंगुर पालन फार्म |
| ३. | कुखुरा/हाँस बट्टाई पालन | संख्या | | १.५ लाख | व्यवसायीक कुखुरा/हाँस बट्टाई फार्म |
| ग) | नयाँ दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग | संख्या | २ | ५ लाख | दुग्ध व्यवसायी उद्यमी |
| घ) | करारमा घाँसको वेर्ना वीउ सेट्स उत्पादन कार्यक्रम | हेक्टर | ५ | १ लाख | दुध उत्पादन/पशुपालन/घाँसेवाली सँग आवद्ध सहकारी संघ/संस्थाहरु /कृषक वा व्यवसायीक फार्म |

**सम्पर्क व्यक्ति : श्री धनसुन्दर प्रसाद साह मोबाइल नं. ९८५५०८९९८०**

**नयाँ पोखरी निर्माण**

| क्र. स. | कार्यक्रमको नाम | ईकाइ | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकत्तम अनुदान रकम |
|---|---|---|---|---|
| १ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | कट्ठा | ५४० | रु.१५ हजार प्रति कट्ठा |
| २ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा लागि १०%) | कट्ठा | ६० | रु.१५ हजार प्रति कट्ठा |

**सम्पर्क व्यक्ति : श्री राजेश्वर प्रसाद कुशवाहा मोबाइल नं. ९८४५१८५६४४**

**तपसिल**

१. रु. १० को हुलाक टिकट टाँसेको फारम नं २ अनुसारको प्रस्ताव आवेदन।
२. आवेदकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. व्यवसायीक फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र नयाँ दुध संकलन तथा चिस्यान केन्द्रको हकमा डेरी व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४. स्थायी लेखा नम्वर (PAN) प्रमाण पत्रको प्रतिलिपि ।
५. कर चुक्त प्रमाण पत्रको प्रतिलिपि ।
६. किसान परिचय पत्रको प्रतिलिपि र प्रस्तावीत कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समुह,सहकारी,फर्म,संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु।
७. फारम नं. ३ र फारम नं. ३ क अनुसारको संक्षिप्त कार्ययोजना ।
८. कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जा समेत करार पत्र (नोटरी पब्लिकवाट प्रमाणीत) वा जग्गाधनीको सक्कल मन्जुरीनामा(कम्तीमा ५ वर्ष अवधीको) ।
९. लागत प्रतिवद्धता (स्वघोषणा) पाना थान ..............र फारम नं. ३ बमोजिम आवेदकको स्वघोषण र प्रतिवद्धता।
१०. सो कार्यक्रम संचालनको लागि अनुदान उपलव्ध गराई दिनको लागि कार्यक्रम संचालन गरिने स्थान रहेको स्थानीय तहको विषयगत शाखाको सिफारिस पत्र।।
११। समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्वन्धी आधिकारीक बैठकको निर्णय प्रतिलिपि।
१२. लक्षित वर्ग(शहिद/वेपता/द्वन्द्वपिडित परिवार,दलित/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला/आदिवासी/जनजाती/विपन्न गरिब)भए प्रमाण पत्र खुल्ने कागजात। **(नयाँ पोखरी निर्माण तर्फ)**
१३ अन्य आवश्यक कागजातहरु
क) ..........................
ख) ..........................

*पुनश्च : निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।*